१.१ अर्थ मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ (२०८० माघ महिनादेखि २०८० चैत्र मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरबार

वैशाख,२०८१

**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

### पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकासका क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायताको परिचालन तथा व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बिमा र पुँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### दीर्घकालीन सोचः

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदानमार्फत सबल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### रणनीतिः

- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखापरीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।

- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रूपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वसर्त मानिने क्षेत्र र विषयमा केन्द्रित गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयनमार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालित संस्थानहरूको व्यावसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानुन, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,

- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- सङ्घीय सञ्चितकोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- सङ्घ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवम् अनुदान सम्बन्धी नीति, कानुन र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- सङ्घ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानुन कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानुन कार्यान्वयन, समन्वय र नियमन,
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवा शुल्क, दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

- बिमा सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- सङ्घ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखापरीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले देहाय अनुसारको कानुनको प्रयोग तथा परिपालना गर्नु पर्दछ।

**ऐनहरू**

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन, २०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बिमा संस्थान ऐन, २०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन, २०४७
- बिमा ऐन, २०७९
- निजीकरण ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछर्यौट ऐन, २०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक ऐन, २०८०
- ऋण तथा जमानत ऐन, २०८०
- विनियोजन ऐन, २०८०
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९

**नियमावलीहरू**

- मदिरा नियमावली, २०३३
- बिमा नियमावली, २०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७

- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली, २०७६
- कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन नियमावली, २०७७

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोस्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गको पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७७
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययिता कायम गर्ने निर्देशिका, २०७८
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति, २०७३

- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जिवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बिमा सम्बन्धी कार्यविधि, २०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- सहलगानी सम्बन्धी कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०

**नीति, मापदण्ड र आदेश**

- अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- घरजग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- नेपाल सरकार र प्रदेश सरकारबीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६
- एकीकृत सामाजिक सुरक्षा नीति, २०७६
- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८०

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| क.सं. | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | वर्षमान पुन | ४२११३९० |
| २. | सचिव | मधुकुमार मरासिनी | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | डा.राम प्रसाद घिमिरे | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव डा. टोकराज पाण्डे | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव धनिराम शर्मा | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव रितेश कुमार शाक्य | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव बलसागर गिरी | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव नारायणप्रसाद रिसाल | ४२११३७७<br>४२११३१८ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव महेश आचार्य | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२००५३७ |
| ११. | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | सहसचिव श्रीकृष्ण नेपाल | ४२११३७१ |
| १२. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव इश्वरी प्रसाद अर्याल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
  - ➢ सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।
  - ➢ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

### (क) निर्णय प्रक्रिया सम्बन्धमाः

- **मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**
  - ➢ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

### (ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०८०/८१ को बजेट

नेपाल सरकारको कुल बजेट रु. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखमध्ये चालु खर्च रु.११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख अर्थात् ६५.१९ प्रतिशत, पुँजीगततर्फ रु.३ खर्ब ०२ अर्ब ०७ करोड ४४ लाख अर्थात् १७.२५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ०७ अर्ब ४५ करोड अर्थात् १७.५६ प्रतिशत विनियोजन भएको थियो।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

**(क) आर्थिक वर्ष २०८०/८१ को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः**

| विनियोजित शीर्षक | वार्षिक विनियोजित रकम (रु.हजारमा) | | खर्च रकम (रु.हजारमा) | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७९/८० | २०८०/८१ | आ.ब.२०७९/८० को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको | २०८०/८१ को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको | आ.ब.२०७९/८० को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको | २०८०/८१ को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको |
| चालुतर्फ | ११८३२३५१०० | ११३६९६२४६४ | ७०६६१२६६६ | ६५०४०२२६५ | ५९.७२ | ५६.९६ |
| पुँजीगततर्फ | ३८०३८४५०० | ३०६८९६०३५ | १०७१५७२४३ | ९८०७३४५८ | २८.१७ | ३२.४७ |
| वित्तीय व्यवस्थातर्फ | २३०२१७७०० | ३०७४५३६०० | १२९०४२३२० | १६७९८८६१३ | ५६.०५ | ५४.६४ |
| **जम्मा** | **१७९३८३७३००** | **१७५१३१२१००** | ९४२८१२२२८ | **९१६४६४३४५** | **५२.५६** | **५२.३३** |

**क. चालुतर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि चैत्र मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा २.७६ प्रतिशतले कम खर्च भएको।

**ख. पुँजिगततर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि चैत्र मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.३० प्रतिशतले खर्च वृद्धि भएको।

**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि चैत्र मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १.४१ प्रतिशतले कम भएको।

**समग्र कुल खर्च** गत आर्थिक वर्षको श्रावण महिनादेखि चैत्र मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ०.२३ प्रतिशतले कम भएको।

**आर्थिक वर्ष २०८०/८१ को साउन महिनादेखि चैत्र मसान्तसम्म (अर्थ मन्त्रालयको मात्र)**

**१. अर्थ मन्त्रालय र अन्तर्गतको विनियोजन र खर्च (२०८० चैत्र मसान्तसम्म)**

| क्र.सं. | बजेट उपशीर्षक नं. | बजेट उपशीर्षक | सुरू बजेट (रु.हजारमा) | खर्च (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ३०५०००११३ | अर्थ मन्त्रालय | ४०२००० | २७०९७३ | ६२.६० |
| २ | ३०५०००११४ | अर्थ मन्त्रालय | ५२०० | ५५२६ | ९५.२८ |
| ३ | ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | २१८०० | १४०१२ | ६४.२८ |
| ४ | ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ३०० | २९९ | ९९.६७ |
| ५ | ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३८७०० | २८५५९ | ७१.९९ |
| ६ | ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | ७०० | ४४० | ६२.८६ |
| ७ | ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३०० | ४१५४०४ | ८३.०३ |
| ८ | ३०५००१०१३ | साना किसान विकास बैंङ्क (वित्तीय संस्था), विविध | ८०००० | ४०००० | ५०.०० |
| ९ | ३०५००१०२३ | लघु बिमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५९४०० | १०१७९८ | २८.३२ |
| १० | ३०५००१०५३ | बजेट सुधार आयोजना | २१५७०० | ६०८७ | २.९१ |
| ११ | ३०५००१०५४ | बजेट सुधार आयोजना | ६६००० | ४७९ | ०.७३ |
| १२ | ३०५००१०८३ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १०१७३०० | ३५००९८ | ४९.१ |
| १३ | ३०५००१०८४ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ९८२४४०० | ८५८८२ | ३.४१ |
| १४ | ३०५००११३३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २११४६००० | ० | ०.०० |
| १५ | ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १३६४०० | ९००७२ | ६५.५५ |
| १६ | ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | ८८०० | ८६३ | ९.८१ |
| १७ | ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५६८०० | ३९०१६ | ६७.५० |
| १८ | ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ९०० | ८९४ | ९९.३३ |
| १९ | ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७१०० | ८२७४ | ४८.३९ |
| २० | ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ५०० | १७० | ३४.०० |
| २१ | ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ८५०७०० | ५०५४०६ | ५९.२८ |
| २२ | ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १६२८०० | ६०५२४ | ३५.४४ |
| २३ | ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १०३०० | १०८७० | ६३.६९ |
| २४ | ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २०० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७९००० | ४३१५२ | ५४.६२ |
| २६ | ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५४०० | १२५८ | २३.३० |
| २७ | ३०५०३०११३ | भन्सार विभाग | १५२९०० | ८६२३९ | ५६.४० |
| २८ | ३०५०३०११४ | भन्सार विभाग | २९५००० | ७४ | ०.०३ |
| २९ | ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ११००००० | ७२७३४५ | ६१.०१ |
| ३० | ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ५०१०० | ४७०३२९ | ८५.५० |
| ३१ | ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १६३३०० | ७७९२५ | ४७.४७ |
| ३२ | ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ४७८३०० | १२२५५६ | २५.१९ |
| ३३ | ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ११३७९०० | ८०८४३७ | ७१.०५ |
| ३४ | ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | ९९८०० | ३८२८ | ३.८४ |
| ३५ | ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १७६८२०० | १४९४४९७ | ८१.७५ |
| ३६ | ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | १२७३०० | ५९२८२ | ४६.२८ |
| ३७ | ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ७२५०० | २८८५३ | ३९.८० |
| ३८ | ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २१०० | ३८६ | १८.३८ |
| **जम्मा** | | | **४०४५४१००** | **५९५९८०७** | **१७.७६** |

## २. अर्थ मन्त्रालय र अन्तर्गतको सम्वत् २०८० माघ महिनादेखि चैत्र मसान्तसम्म खर्चको फाँटवारी

| क्र.सं. | बजेट उपशीर्षक | २०८० चैत्र महिनासम्मको खर्च रु.(हजारमा) | २०८० पौष महिनासम्मको खर्च रु.(हजारमा) | २०८० माघ महिनादेखि चैत्र सम्मको खर्च (रु.हजारमा) |
|---|---|---|---|---|
| १ | ३०५०००११३ अर्थ मन्त्रालय | २७०९७३ | १६३३७८ | १०७५९५ |
| २ | ३०५०००११४ अर्थ मन्त्रालय | ५५२६ | १२०९ | ४३१७ |
| ३ | ३०५०००१२३ ऋण असुली पुनरावेदन न्यायाधिकरण | १४०१२ | ९०५४ | ४९५८ |
| ४ | ३०५०००१२४ ऋण असुली पुनरावेदन न्यायाधिकरण | २९९ | १९९ | १०० |
| ५ | ३०५०००१३३ ऋण असुली न्यायाधिकरण | २८५५९ | १९७५४ | ८८०५ |
| ६ | ३०५०००१३४ ऋण असुली न्यायाधिकरण | ४४० | २२७ | २१३ |
| ७ | ३०५०००१४३ अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान | ४१५४०४ | ३४६४६८ | ६८९३६ |

| | | | | |
|---|---|---|---|---|
| | विविध | | | |
| ८ | ३०५००१०१३ साना किसान विकास बैङ्क (वित्तीय संस्था), विविध | ४०००० | ३७५०० | २५०० |
| ९ | ३०५००१०२३ लघु बिमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | १०१७९८ | ७०१३२ | ३१६६६ |
| १० | ३०५००१०५३ बजेट सुधार आयोजना | ६०८७ | ६०८७ | ० |
| ११ | ३०५००१०५४ बजेट सुधार आयोजना | ४७९ | ० | ४७९ |
| १२ | ३०५००१०८३ मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ३५००९८ | ४०९१८ | ३०९१८० |
| १३ | ३०५००१०८४ मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ८५८८२ | १०००० | ७५८८२ |
| १४ | ३०५००११३३ आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | ० | ० | ० |
| १५ | ३०५०१०११३ महालेखा नियन्त्रक कार्यालय | ९००७२ | ५६०८४ | ३३९८८ |
| १६ | ३०५०१०११४ महालेखा नियन्त्रक कार्यालय | ८६३ | ८६३ | ० |
| १७ | ३०५०१०१२३ निवृत्तिभरण व्यवस्थापन कार्यालय | ३९०१६ | २९२५२ | ९७६४ |
| १८ | ३०५०१०१२४ निवृत्तिभरण व्यवस्थापन कार्यालय | ८९४ | ५४२ | ३५२ |
| १९ | ३०५०१०१३३ कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ८२७४ | ६३७६ | १८९८ |
| २० | ३०५०१०१३४ कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७० | १७० | ० |
| २१ | ३०५०१०१४३ कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ५०५४०६ | ३४४४०२ | १६१००४ |
| २२ | ३०५०१०१४४ कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६०५२४ | ४१९८१ | १८५४३ |

| | | | | |
|---|---|---|---|---|
| २३ | ३०५०११०१३ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १०८७० | ९८२८ | १०४२ |
| २४ | ३०५०११०१४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ० | ० | ० |
| २५ | ३०५०२०११३ सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ४३१५२ | २३२५४ | १९८९८ |
| २६ | ३०५०२०११४ सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | १२५८ | १२८ | ११३० |
| २७ | ३०५०३०११३ भन्सार विभाग | ८६२३९ | ५८४२१ | २७८१८ |
| २८ | ३०५०३०११४ भन्सार विभाग | ७४ | ० | ७४ |
| २९ | ३०५०३०१२३ भन्सार कार्यालयहरू | ७२७३४५ | ४६१८५६ | २६५४८९ |
| ३० | ३०५०३०१२४ भन्सार कार्यालयहरू | ४७०३२९ | २८९७३४ | १८०५९५ |
| ३१ | ३०५०३१०१३ भन्सार सुधार कार्यक्रम | ७७९२५ | १५३७७ | ६२५४८ |
| ३२ | ३०५०३१०१४ भन्सार सुधार कार्यक्रम | १२२५५६ | ३९३२१ | ८३२३५ |
| ३३ | ३०५०४०११३ आन्तरिक राजस्व विभाग | ८०८४३७ | ७६०९६१ | ४७४७६ |
| ३४ | ३०५०४०११४ आन्तरिक राजस्व विभाग | ३८२८ | १८०९ | २०१९ |
| ३५ | ३०५०४०१२३ आन्तरिक राजस्व कार्यालयहरू | १४९४४९७ | ११२७९४० | ३६६५५७ |
| ३६ | ३०५०४०१२४ आन्तरिक राजस्व कार्यालयहरू | ५९२८२ | ४४४९७ | १४७८५ |
| ३७ | ३०५०५०११३ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २८८५३ | २१७५४ | ७०९९ |
| ३८ | ३०५०५०११४ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३८६ | ३६३ | २३ |
| **जम्मा** | | **५९५९८०७** | **४०३९८३९** | **१९१९९६८** |

**आर्थिक वर्ष २०८०/८१ को २०८० माघ महिनादेखि चैत्र मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरू:**

१. आर्थिक वर्ष २०८१/८२ को बजेटको तयारी सम्बन्धी मार्गनिर्देशन तयार गरी सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूमा मिति २०८०/११/१३ गते परिपत्रमार्फत जानकारी गराइएको।

२. आर्थिक वर्ष २०८१/८२ को लागि बजेट वक्तव्य मस्यौदा लेखन समिति मिति २०८०/१२/१६ गते गठन गरी बजेटको मस्यौदा लेखन कार्य सुरु गरिएको।

३. आर्थिक वर्ष २०८१/८२ को बजेट छलफल कार्यतालिका स्वीकृत गरी सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूको ब.उ.शि.नं., खर्च संकेत नं. र क्रियाकलाप सहित बजेट छलफल मिति २०८०/१२/२७ गते देखि प्रारम्भ गरी कार्य भइरहेको।

४. चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रमका लागि विनियोजित रकम २०८० फागुन मसान्तसम्ममा खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने कार्यक्रमहरूमा विनियोजन भएको रकम समर्पण गरी पठाउनका लागि सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूमा परिपत्रमार्फत जानकारी गराइएको।

५. चालु आर्थिक वर्षको तेस्रो त्रैमासमा सम्बन्धित निकायहरुलाई जम्मा ५१ थान ऐन, नियमावली, कार्यविधि, मापदण्ड लगायतका विषयहरुमा राय तथा सहमति दिइएको

## ८.३ राजस्व परिचालनको अवस्था:

**(क) आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्मको राजस्व सङ्कलनको लक्ष्य र असुलीको विवरण:**

| कर शीर्षक | आ.व. २०८०/८१ को चैत्र मसान्तसम्मको लक्ष्य (रकम रु.लाखमा) | आ.व. २०८०/८१ को चैत्र मसान्तसम्मको सङ्कलन (रकम रु.लाखमा) |
|---|---|---|
| **भंसार महशुल** | **२,३४६,०४४** | **१,४३९,७०७** |
| पैठारी | १,८८२,८२१ | १,१५०,९०१ |
| निकासी | ५,२४३ | १,९१६ |
| पूर्वाधार कर | २२७,९८९ | १४२,६२५ |
| भन्सारको अन्य आय | ११,४७४ | २,८८१ |
| कृषि सुधार शुल्क | १०३,२३० | ५२,००१ |
| सडक मर्मत तथा सुधार दस्तुर | ७९,९०८ | ६०,६१० |
| सडक निर्माण तथा सम्भार दस्तुर | ३५,३७९ | २८,७७३ |
| **मूल्य अभिबृद्धि कर** | **३,०१२,२७५** | **२,१८१,४८२** |
| उत्पादन, विक्री, सेवा | १,०८७,१६३ | ८७२,१६३ |
| पैठारी | १,९२५,११२ | १,३०९,३१९ |
| **अन्तःशुल्क** | **१,४४९,२६०** | **१,०४४,१५७** |
| आन्तरिक उत्पादन | १,०७५,८८७ | ७७३,७०४ |
| पैठारी | ३७३,३७३ | २७०,४५३ |
| **शिक्षा सेवा शुल्क** | **१९,४३३** | **२३,७८१** |
| **आयकर** | **२,५०४,०८३** | **२,०२२,०२८** |

| कर शीर्षक | आ.व. २०८०/८१ को चैत्र मसान्तसम्मको लक्ष्य (रकम रु.लाखमा) | आ.व. २०८०/८१ को चैत्र मसान्तसम्मको सङ्कलन (रकम रु.लाखमा) |
|---|---|---|
| आयकर | २,०९०,५४२ | १,७३८,३१८ |
| ब्याज कर | ४१३,५४१ | २८३,७०९ |
| **कर राजस्व जम्मा** | **९,३३१,०९५** | **६,७११,१५५** |
| **गैर कर जम्मा** | **७६३,०९१** | **७६९,२५६** |
| **कुल राजस्व** | **१०,०९४,१८६** | **७,४८०,४११** |
| **अन्य प्राप्ति** | | **२२२,३७४** |
| **जम्मा राजस्व/प्राप्ति** | **१०,०९४,१८६** | **७,७०२,७८५** |

**ख) करदाता दर्ता सम्बन्धी विवरण:**

| प्रकार | आ.व. २०७९/८० सम्म जम्मा दर्ता | आ.व. २०८०/८१ माघदेखि चैत्रसम्म दर्ता | आ.व. २०८०/८१ श्रावणदेखि चैत्रसम्म जम्मा दर्ता | आ.व. २०८०/८१ सम्म जम्मा दर्ता |
|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १८७६३०५ | ३००२४ | ९०३०७ | १९६६६१२ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | २८१०७ | १०२५ | ३९८७ | ३२०९४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३६४९६१४ | १५६५८२ | ४५७२७३ | ४१०६८८७ |
| **कुल दर्ता** | **५५५४०२६** | **१८७६३१** | **५५१५६७** | **६१०५५९३** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३०८४७७ | ६६८३ | २०४१२ | ३२८८८९ |
| अन्तःशुल्क (EXCISE) | ११६६७५ | १७७५ | ७४७७ | १२४१५२ |

**ग) आर्थिक वर्ष २०८०/८१ को माघ महिनादेखि चैत्र मसान्तसम्मको अवधिमा जारी भएका ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरण:**

| क्र.सं. | कार्य सम्पादन प्रगति |
|---|---|
| १. | आर्थिक ऐन, २०८० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा संशोधन गरी ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेकोमा उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि "ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०" जारी गरिएको। |
| २. | भन्सार महसुल विधेयकको मस्यौदा तर्जुमा सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। |

**घ) आर्थिक वर्ष २०८०/८१ को माघ महिनादेखि चैत्र मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख कार्यहरूको विवरण:**

- आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेटमा राजस्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम तथा कर प्रणालीको सुधारका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेस गर्न राजस्व परामर्श समिति गठन गरिएको।
- कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन मिति २०८०/१२/२० मा माननीय अर्थमन्त्रीज्यूसमक्ष पेस भएको।
- डे०१, डे०२ र डे०३ आय विवरण पेस गर्ने करदाताहरुले QR सहितको कर चुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।
- वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, रसुवा भन्सार कार्यालय, मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय, त्रिभुवन विमानस्थल भन्सार कार्यालय र कंचनपुर भन्सार कार्यालयमा निकासीका लागि आवश्यक सबै कागजात अनिवार्य अनलाइनमार्फत पेस गर्नुपर्ने व्यवस्था लागु गरिएको।

## ८.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

| **आर्थिक वर्ष २०८०/८१ को श्रावण महिनादेखि चैत्र मसान्तसम्मको अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरण** | | |
|---|---|---|
| **अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा** | | |
| १ | वैदेशिक ऋण | रू.५८,४४९,८००,०३२ |
| २ | अनुदान | रू.११,०६८,५४७,६७० |
| | **कुल** | **रू. ६९,५१८,३४७,७०२** |

| **आर्थिक वर्ष २०८०/८१ को माघ महिनादेखि चैत्र मसान्तसम्मको अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरण** | | |
|---|---|---|
| **अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा** | | |
| १ | वैदेशिक ऋण | रू.२०,८४६,२२७,३५२ |
| २ | अनुदान | रू.३,७०२,०९३,५८२ |
| | **कुल** | **रू. २४,५४८,३२०,९३४** |

## ८. ५ कानुन तथा फैसला कार्यान्वयन सम्बन्धीः-

कानुन तथा फैसला कार्यान्वयन सम्बन्धमा आर्थिक वर्ष २०८०/०८१ को तेस्रो त्रैमासिक अवधिमा देहाय बमोजिम कार्यसम्पादन भएको छ।

## १. कानुनी लिखतहरूको तर्जुमा, सहमति, स्वीकृति तथा दर्ता सम्बन्धी कार्यः

(क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेशको मस्यौदामा तर्जुमा सहमति प्राप्त भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएकोले उक्त विधेयक प्रतिनिधि सभामा पेस गर्न सङ्घीय संसद सचिवालय, विधेयक शाखामा मिति २०८०।१०।१९ गते दर्ता गरिएकोमा सङ्घीय संसदबाट स्वीकृत भएको।

(ख) सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमति प्राप्त भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएकोले उक्त विधेयक सङ्घीय संसद सचिवालय, विधेयक शाखामा मिति २०८०।११।०२ गते दर्ता गरिएको।

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८०।११।०९ मा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

(घ) सरकारी कोषको नगद व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृतीको लागि मिति २०८०।११।१० गते नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको।

(ङ) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमति प्राप्त भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएकोले उक्त विधेयक सङ्घीय संसद सचिवालय, विधेयक शाखामा मिति २०८०।१२।०४ गते दर्ता गरिएको।

(च) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमति प्राप्त भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएकोले उक्त विधेयक सङ्घीय संसद सचिवालय, विधेयक शाखामा मिति २०८०।१२।०९ गते दर्ता गरिएको।

(छ) साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०८० को मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८०।०७।२२ मा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएकोमा मिति २०८०/११/०६ मा तर्जुमा सहमति प्राप्त भई मिति २०८०/१२/२१ मा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको ।

(ज) अन्तःशुल्क (पच्चीसौं संशोधन) नियमावली, २०८० को मस्यौदामा तर्जुमा सहमतिको लागि मिति २०८०।१२।३० मा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएकोमा सहमति प्राप्त भई स्वीकृतिको लागि नेपाल सरकार, (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश भएको र मिति २०८०/१२/३० गते मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको।

(झ) धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई (पहिलो संशोधन) गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८०।१०।२३ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएकोमा मिति २०८०/११/०६ गते तर्जुमा सहमति प्राप्त भई मिति २०८०/१२/३० गते नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको।

२. **राय तथा परामर्श सम्बन्धी कार्यः** यस मन्त्रालयका विभिन्न महाशाखाबाट राय माग भएका मुख्य मुख्य ६४ वटा विषयमा राय परामर्श प्रदान गरिएको।

३. **मुद्दाहरूको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः**

यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका ३४ वटा रिट निवेदनहरूको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा र उच्च सरकारी वकिलको कार्यालयमार्फत सम्बन्धित उच्च अदालतमा दर्ता तथा प्रतिरक्षा गरिएको।

४. **राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः**

(क) ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई सम्वत् २०८० साल पौषमसान्तसम्मको दाखिलामा दिइएको कर छुट सुविधाको म्याद सम्वत् २०८० साल चैत्र मसान्तसम्म अवधि थप गर्ने सम्बन्धी सूचना सम्पादनका लागि मिति २०८०।१०।०४ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

(ख) विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी सूचनाको मस्यौदा थान-२८ सम्पादनका लागि मिति २०८०।१०।१४ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

(ग) विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी सूचनाको मस्यौदा थान-२८ नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।११।१३ गते मुद्रण विभाग पठाइएको।

(घ) चोभारस्थित चोभार सुख्खा बन्दरगाह भन्सार कार्यालय काठमाडौंमा भन्सार जाँचपासका लागि मालवस्तु ल्याउने सम्बन्धी सूचना नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।११।२९ गते मुद्रण विभागमा पठाइएको।

(ङ) सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० सम्बन्धी सूचना मिति २०८०।१२।०१ गते नेपाल राजपत्रमा प्रकाशन भएको।

५. **आदेश तथा फैसला कार्यान्वयन सम्बन्धमाः**

